# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।०७।२८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

मालपोत कार्यालय, कास्कीमा कार्यरत मालपोत अधिकृत खेमनारायण पौडेल नायव सुब्बा रामचन्द्र पौडेल र खरिदार सञ्जय शर्माले जग्गा धितोबन्धक पास गर्ने सिलसिलामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिइ गएको टोलीले मालपोत अधिकृत खेमनारायण पौडेल र खरिदार सञ्जय शर्मालाई रु.५०,०००।-(पचास हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज राष्ट्रसेवकहरु मालपोत अधिकृत खेमनारायण पौडेल, खरिदार सञ्जय शर्मा र नायव सुब्बा रामचन्द्र पौडेलले आपसी मिलेमतोमा घुस रिसवत माग गरी लिइ भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(१) बमोजिम कसुर गरेको देखिन आएकोले निज राष्ट्रसेवकहरुलाई बिगो रु.५०,०००।-(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय(ख ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता